# वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क १७ पूर्णाङ्क ११५ | २०७५ असोज २२ गते सोमबार | Monday, Oct. 8, 2018 | पृष्ठ ८+४ = १२ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादी पर्वतका सेक्रेटरी आशिषको निधन, पार्टीद्वारा श्रद्धाञ्जली व्यक्त



पर्वत । नेकपा (क्रान्तिकारी माओवादी) पर्वत जिल्ला सेक्रेटरी, देशभक्त गणतान्त्रिक मोर्चा नेपालका गण्डक प्रदेश सदस्य कुश्माखर भुसाल' आशिष'को शनिबार विहान असामयिक रूपमा निधन भएको छ । पारिवारिक ...बाँकी ७ पेजमा

# 'हामी आन्दोलनमा उत्रिइसकेका छौं'

● वर्गदृष्टि संवाददाता

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले आफूहरू आन्दोलनमा उत्रिइसकेको बताएका छन् । देशको राष्ट्रिय स्वाभिमान, जनताका जनजीविका तथा जनपक्षीय शासन व्यवस्थाका कुराहरूसहित संघर्षको भिन्न स्वरूप लिएर जनताका माझमा पुगिरहेको बताएका छन् । उक्त कुरा अध्यक्ष गजुरेलले आइतवार डिल्लीबजारस्थित भोजन गृहमा आयोजित 'नागरिकता विधेयक र राष्ट्रियताको सवाल' विषयक अन्तरक्रिया कार्यक्रममा बताएका हुन् ।




उनले देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल पार्टीको भौतिक शक्ति निकै कमजोर अजवस्थामा रहे पनि विचार तथा यसले उठाएका एजेण्डाका हिसाबले यो अन्य कुनै पनि राजनीतिक पार्टीभन्दा कमजोर नरहेको बताएका छन् । उनका अनुसार देजमोले सडकबाट उठाएका एजेण्डाहरू जस्तो सीमा सुरक्षादेखि बिम्स्टेक संयुक्त सैन्य अभ्यास र सरकारले प्रयोग गर्दै आएका नक्कली नक्साहरू तथा निशान छापका कुराहरूले संसदमा महत्वपूर्ण स्थान पाएको बताएका छन् ।

उनले आफूहरू सिंगो राज्यसत्ताको वैकल्पिक शक्ति भएकाले पनि जनताको साथ रहेको र मोर्चाले उठाएका मुद्दाहरूमा देश, जनता र जनपक्षीय शासन व्यवस्थाका कुराहरू आएको बताउँदै आमूल परिवर्तनका पक्षधरहरूदेखि देशभक्त शक्तिहरूलाई यी एजेण्डाहरूमा साथसाथै लिएर अघि बढ्ने कुरामा जोड दिएका थिए । देश र जनताका पक्षमा आयोजना गरिएका यस्ता कार्यक्रमहरू देशव्यापी रूपमा लैजाने पनि उनले बताए ।

नेता परि थापाले राज्यले नागरिकता दिन पनि र खोस्न पनि सक्छ भन्दै यसका लागि एउटा छानबिन समिति बनाउनु पर्ने कुरामा जोड दिए । उनले स्वीटजरल्याण्डमा ८१ प्रतिशत जर्मन छन् तर उनीहरूले स्वीटजरल्याण्डलाई जर्मन बनाउँछौं भनेका पनि छैनन् भन्ने कुरामा जोड दिंदै नेपालमा भारतीय विस्तारवादी हस्तक्षेप र स्वदेशका दलाल शासकहरूका कारण नागरिकताको मुद्दा पेचिलो हुन गएको कुरामा जोड दिए ।

परराष्ट्रविद हिरण्यालाल श्रेष्ठले नागरिकताको बहस तराइमा पुर्‍याउन जरुरी भएको भन्दै उनले मधेशको एकजना नेपालीले नागरिकताबाट बञ्चित हुन नपरोस तर विदेशीले नगारिकता नपाओस भन्ने कुरामा जोड ...बाँकी ७ पेजमा

## महालक्ष्मी नगरपालिकालाई देजमोको ३३ बुँदे ज्ञापनपत्र

● कुमार भट्टराई

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल महालक्ष्मी नगरपालिकाको नगर समितिले महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठलाई ३३-बुँदे ज्ञापन पत्र बुझाएको छ । दसैंको मुखमा आइपुग्दा जनताका दैनिक उपभोगका सामानहरूको मूल्यवृद्धि हुनु, कालाबजारी बढ्नु तथा देशका सीमासम्बन्धी समस्याहरू निकै गम्भीर बनेर आउनुका कारणहरूको खोजी गर्दै ती कारण तथा समस्याहरूको निवारणका लागि बुँदागत रूपमा मागपत्र पेश गरिएको बताइएको छ ।

मोर्चाका नगर समितिका अध्यक्ष गंगा महर्जनद्वारा हस्ताक्षरित विज्ञप्ति ग्रहण गर्दै नगरका मेयर श्रेष्ठले मोर्चाले प्रस्तुत गरेका मागहरू सकारात्मक र जायज रहेकाले यी मागहरू पूरा गर्नका लागि आफू लागि पर्ने बताउँदै यसका लागि सबैसँग सहमतिको प्रयत्न गर्ने कुरामा पनि जोड दिएका थिए । ...बाँकी ७ पेजमा

## 'वाम' सरकारद्वारा ८ महिनामा ९ पटक इन्धनको मूल्यवृद्धि

काठमाडौं । देशमा दुई तिहाइको बहुमत भएको वाम सरकार हुँदा मुलुकमा इन्धनको भाउ भने आठ महिनामा नौपटक बढेको छ । २० फागुन २०७४ मा १०३ रूपैयाँ प्रतिलिटर रहेको पेट्रोल ९ पटक भाउ बढ्दा ११ रूपैयाँ बढी भएर ११४ रूपैयाँ पुगेको छ । यस्तै, ८५ रूपैयाँ रहेको मट्टितेल र डिजेलको भाउ १०१ रूपैयाँ पुगेको छ । १३७५ रूपैयाँको ग्यास १४०० रूपैयाँ भएको छ । आन्तरिक हवाई इन्धनमा प्रतिलिटर ५ रूपैयाँ बढेको छ ।

यति हुँदाहुँदै पनि नेपाल आयल निगम भने एक महिनामौ थप एक अर्ब रूपैयाँ घाटामा छ । पछिल्लो अढाइ महिनामा निगम एक अर्ब रूपैयाँ घाटामा पुगेको हो । उसो त एक वर्षमा तेलको चुहावट हेर्ने हो भने पनि एक अर्ब रूपैयाँ बराबर नै पुगेको छ । आयल निगमको अनियिन्त्रित प्रशासनिक खर्च, चुहावट नियन्त्रणमा अकर्मण्यता, अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि र भारतमा इन्धन महँगो हुँदा नेपालमा पनि इन्धनको मूल्य बढेको हो ।

## गुल्मीको सत्यवती गापामा देजमोको गाउँ कमिटी गठन

गुल्मी । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपाल गुल्मीको सत्यवती गाँउपालिकामा एक भेलाद्वारा देजमो वडा कमिटी गठन गरिएको छ । प्रदेश सदस्य क. टीका रानाको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले हस्तबहादुर श्रीसको अध्यक्षतामा १७ सदस्यीय देजमो वडा नं. ३ वडा कमिटी गठन गरेको हो । कमिटीका उपाध्यक्षमा नेत्र मिदुन, सचिवमा दुर्गा सुनार, कोषाध्यक्षओम श्रीस र सहसचिवमा मोहन श्रीस रहेका छन् ।

सदस्यहरूमा क्रमशः हिरा श्रीस, महेन्द्र श्रीस, दिपेन्द्र श्रीस, देवीराम श्रीस, चित्रबहादुर श्रीस, इन्द्र श्रीस, बाल सिंह श्रीस, ...बाँकी ७ पेजमा

## असोज २३ गते काठमाडौंमा 'कालो मार्चपास' को तयारी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं र क्रान्तिकारी युवा लिग, नेपाल काठमाडौंको संयुक्त आयोजनामा असोज २३ गते 'कालो मार्चपास' गरिने भएको छ । कालापानीविनाको नक्सा




प्रयोग, हत्या-बलात्कार, महंगी, कालोबजारी, भ्रष्टाचार तथा राष्ट्रघाती नागरिकता विधेयकका विरुद्ध कालो मार्चपासको प्रदर्शन गर्न लागिएको हो ।

असोज ३ गते दिनको १२ बजे काठमाडौंको रत्नपार्कबाट सुरु गरिने कालो ...बाँकी ७ पेजमा

## अनेमसंघ (क्रान्तिकारी)को १ नं. प्रदेश आन्दोलित

विराटनगर । मुलुकमा बढ्दो लैङ्गिक हिंसा, हत्या, बलात्कार, करवृद्धि, महंगी, कालाबजारीका साथै वर्तमान केपी शर्मा ओली सरकारको जनघात र राष्ट्रघातका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी) १ नं. प्रदेश आन्दोलित बनेको छ । हालै प्रदेशको भेला गरी आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको उक्त संगठनले यसबीचमा उदयपुर, सुनसरीको इटहरी र धरान, झापाको विर्तामोडमा विरोधसभा सम्पन्न गरेको छ ।

प्राप्त जानकारी अनुसार उदयपुर गाईघाटको पिपल चोकमा आयोजना गरेको विरोधसभालाई अनेमसंघ (क्रान्तिकारी)की नेतृ रिता मगर, क्रान्तिकारी माओवादीका उदयपुर इन्चार्ज अमर परियार लगायतका नेताहरूले सम्बोधन गरेका थिए भने सञ्चालन महिला ...बाँकी ७ पेजमा

## क्रान्तिको पक्षमा 'जीवन शर्मा संयुक्त सांस्कृतिक साँझ'

काठमाडौं । शुक्रबार साँझ राजधानी सहर काठमाडौंको राष्ट्रियसभा गृहमा इच्छुक सांस्कृतिक प्रतिष्ठानको आयोजनामा 'जीवन शर्मा संयुक्त सांस्कृतिक साँझ' कार्यक्रम भव्य रूपमा सम्पन्न भयो । लामो समयपछि रक्तिम सांस्कृतिक परिवार, सामना सांस्कृतिक परिवार र हास्य कलाकार सुबोध गौम एउटै मञ्चमा त्यो पनि साझा कार्यक्रम लिएर देखा परेका थिए ।

कार्यक्रममा प्रस्तुतिका हिसाबले जनवादी गायक जीवन शर्माको एकल प्रस्तुती रहेको थियो तर बीचबीचमा सामनाका नृत्यहरू तथा सुवोध गौतमको प्रस्तुति पस्किइएका थिए । संयुक्त सांस्कृतिक साँझ निकै रोचक र सहभागिता पनि निकै सघन रहेको थियो । सहभागिताका हिसाबले मञ्च र फ्लोर एकै साथ गाइरहेको र नाचिरहेको थियो ।

एकल प्रस्तुति नै भए पनि सांस्कृतिक साझमा प्रयोग गरिएका विभन्न रङ्का प्रकाशहरू जस्तै गीतमा उठाइएका विषयवस्तुहरूमा रहेका विविधताहरूले प्रस्तुति निकै ग्राह्य, सरल र आनन्दित बनाएको थियो । सामनाका नृत्यहरूसँगै दर्शकहरू नाच्न थाल्दथे भने जीवनका स्वरहरूसँगै गाउन र स्वर मिलाउन थाल्दथे ।

जीवन शर्माको स्टेज प्रवेशसँगै हौसिएका दर्शकहरूले 'रातो लाल्टिन' को गीतको बोलमा प्रदर्शन गरिएको नृत्यपछि 'आकाशमा चट्याङ पर्दा' र 'सिमली छायाँ' जस्ता गीतहरूमा हल नै जुरुक्क उठाउलान् जस्तो गरी एकाकार भएर मिसिन ...बाँकी ७ पेजमा

## चाडबाडको मुखमा जनतालाई महँगीको भारी बोकाउँदै ओली सरकार

काठमाडौं । संसदीय व्यवस्थामा जनतालाई झुक्याउन धेरै नौटंकी गरिन्छ । त्यसैकारण पनि संसदलाई 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो' भन्ने गरिन्छ । देश र जनतामाथि ब्रम्हलुट मच्चाउन संसदीय व्यवस्थामा शासकहरूले अनेकौं जाल, झेल, षड्यन्त्र अर्थात् साम, दाम, दण्ड, भेद गर्ने गरेका छन् । आफूलाई ' वाम' सरकार भएको दावी गर्दै आएको ओली नेतृत्वको सरकारले पनि संसदीय व्यवस्थाको उल्लेखित परम्परालाई जनसर्वसाधारणले अनुभूति गर्ने गरी धान्दै मात्रै आएको छैन, राणा शासन, पञ्चायती शासनको गन्ध समेत दिन भ्याएको छ र कांग्रेस-राप्रपाहरूलाई समेत उछिन्ने गरी जनघात र राष्ट्रघातका चाङ लगाउँदै अगाडि बढेको छ ।

अन्य कुरा त छँदैछन् । सरकार बनेको ८ महिनामा १० पटक पेट्रोलियम पदार्थको मूल्य बढाएर ओली सरकारले जनतालाई महंगीको भारी कति धेरै बोकाएको छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ । त्यसमा पनि अधिकांश नेपालीहरूले बर्षदिनमा मनाउने दशैंको मुखमा । के निहुँ पाउँ भनेर बसेका व्यापारीहरूलाई इन्धनको मुल्य बढाइदिएपछि दैनिक उपभोग्य वस्तुको मुल्य वृद्धि गर्न सबैभन्दा बलियो बहाना बन्यो । अहिले अमानवीय रूपमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि गरिएको छ । र, चाडबाडको मुखमा ओली सरकारले जनतालाई महंगीको बोक्नै नसक्ने भारी बोकाएको छ ।

चाडपर्वको मुखमा सरकारले सवारी साधनको भाडामा १० प्रतिशत वृद्धि गरेको ...बाँकी ७ पेजमा

# क्रान्तिकारी पार्टी निर्माणमा संगठनको महत्व

> 'सत्ताको संघर्षका लागि सर्वहारा वर्गसित संगठन सिवाय अर्को कुनै हतियार छैन ।'
> '.......सर्वहारा वर्ग त्यतिबेला मात्र एक अजेय शक्ति बन्नेछ र अवश्य बन्नेछ, जतिबेला मार्क्सवादी सिद्धान्तले उसमा प्रादुर्भव गरेको वैचारिक एकतालाई एउटा त्यस्तो संगठनको भौतिक एकताले सुदृढ तुल्याउनेछ, जसले लाखौं लाख श्रमजीविहरूलाई मजदुर वर्गको एउटा सेनामा आवद्ध गर्नेछ ।' - ***लेनिन***



● अशोक शर्मा ●

लेनिनको संगठनात्मक कार्य सम्बन्धी यो भनाइले क्रान्तिकारी पार्टी निर्माणको प्रश्नमा निर्णायक महत्व राख्दछ । खासगरी आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवादलाई मानव समाजको सहजीवनमा लागू गर्न र मालेमावादी विज्ञानको विकास सम्बन्धी गतिको नियमलाई ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा लागू गर्न संगठनको कति धेरै ठूलो योगदान हुन्छ ? भन्ने कुरा यो भनाइबाट प्रष्ट हुन आउँछ । सिद्धान्तलाई व्यवहारसँग जोड्न र व्यवहारलाइ सिद्धान्त अनुकूल बनाएर लैजान तथा सिद्धान्तलाई भौतिक शक्तिको रूपमा स्थापित गर्दै तमाम सर्वहारा वर्गको मुक्तिको प्रश्नसँग जोड्न संगठनको निर्णायक महत्व हुन्छ भन्ने कुरा यसबाट प्रष्ट हुन आउँछ ।

नेपाल कम्युनिष्ट आन्दोलन समेत कमजोर अवस्थामा रहेको छ । सारमा भन्नु पर्दा यतिबेला अस्थायी रूपमै भए पनि साम्राज्यवादको तुलनामा सर्वहारा क्रान्ति कमजोर अवस्थामा रहेको छ । यद्यपि साम्राज्यवाद जतिसुकै बलियो, क्रूर र निर्मम नै किन नहोस्, देशीविदेशी प्रतिक्रियावादको अन्त्य अवश्यभावी छ भन्ने कुरा इतिहासका थुप्रै तथ्यहरूले पुष्टि गरिसकेका छन् ।

मानव समाजको विकसक्रम सम्बन्धी मालेमावादी धारणा त्यसको (मानव समाज) मात्रात्मक परिवर्तन नभएर आमूल परिवर्तन हो । पुरानो उत्पादन सम्बन्धलाई नयाँ उत्पादन सम्बन्धले तथा पुरानो उत्पादक शक्तिलाई नयाँ उत्पादक शक्तिले विस्थापन वा निषेध गर्दछ । पुँजीवादी तथा साम्राज्यवादी उत्पादक शक्ति, पुँजीवाद र साम्राज्यवादलाई ध्वस्त बनाएर सर्वहारा वर्गीय उत्पादक शक्ति र समाजवादी उत्पादन सम्बन्धको विकास प्रक्रियाबाट समतामूलक बैज्ञानिक साम्यवादको लक्ष्यतर्फ निरन्तर अगाडि बढ्दछ । जसका लागि उत्पादनका लागि संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोगको प्रकृया अवलम्बन गर्न जरुरी हुन्छ ।

क्रान्तिकार्रा पार्टी निर्माणको आधारभूत प्रश्न भनेको मानव समाजमा मालेमावादको प्रयोग गर्नलायक पार्टी बनाउनु हो । सर्वहारा वर्गीय अधिनायकत्व कायम गराउने उद्देश्यबाट दायाँ ...बाँकी ७ पेजमा

## सम्पादकीय

# जंगल फँडानीमा ओली सरकारको 'अर्जुनदृष्टि'

नयाँ सरकारको संघीय संरचना र ती सरकारहरूका व्यवस्थापनका लागि आवश्यक खर्च जुटाउन ओली सरकारले जंगल फडानीलाई एक मात्र आयस्रोतको रूपमा लिएको छ । पूर्ख्यौली रुखहरू कटान गरी काठहरू बेचेर आवश्यक भौतिक संरचना निर्माणतर्फ यसको 'अर्जुनदृष्टि' गएको देखिन्छ ।

रुखहरू काटेर आफूलाई आवश्यक पर्ने जमिन तथा काठपात उपभोग गर्नुका साथै अधिकांश काठहरू बिक्रि गरेर भौतिक पूर्वाधार निर्माणको आर्थिक स्रोत जुटाउने पनि यसको ध्येय रहेको स्पष्ट बुझिन्छ। त्यसमा पनि पुर्ख्यौली सालका रुखहरूबाट त अकल्पनीय वैदेशिक मुद्रा पनि आर्जन गर्न सकिन्छ । ओली सरकारको आर्थिक आय आर्जनको गुरुयोजना र निर्देशन पनि यसैद्वारा परिचालित देखिन्छ ।

यो कुरा सर्वसाधरणहरूले निकै पहिलेदेखि थाह पाएका छन् । नेपालमा नेपाली कांग्रेस र एमालेका सरकारका पालामा देशको जंगल निकै फँडानी हुने तर वृक्षारोपन केही पनि नहुने गरेको लामो इतिहास छ। तस्कर र माफियाहरू यी पार्टीका केन्द्रहरूमा अड्डा जमाएर राजनीतिक हैसियतसहित बसेका छन् । पछिल्लो चरणमा संसदीय धारमा प्रवेश गरी एमालेकरण भएको एमाओवादीमा हाल तस्कर र माफियाहरूको बोलवाला नै छ ।

केन्द्रको संघीय भनिने सरकारले देशको जलस्रोत बेच्ने विरासतलाई गुरु योजना र मार्गनिर्देशक सिद्धान्तका रुमा परिपालन गरिरहेको छ । असमान सन्धिसंझौता यसका आभूषणहरू बनेका छन् । यस्तो विरासत बोकेको सिंहदरवार गाउँगाउँमा पुगेपछि अब ती प्रदेश सिंहदरवार र गाउँनगरका सिंहदरवारहरू असीमित जंगल फडानीमा उद्दत रहेका छन् ।

चितवनको रामनगरमा निर्माण गरिन लागेको बुटवल सभाहल निर्माणका लागि थप जमिन आवश्यक भएको भनेर घनाजंगल क्षेत्रतिर निर्माण विस्तार गरिन लागेको छ । सभाहलका साथै प्रदर्शनी केन्द्र पनि जोडिने भन्दै करीब ५ सय २५ वटा पुख्यौली सालका रुखहरू धमाधम काट्ने निर्णय भइसकेको छ । स्थानीय जनता यसको विरोधमा उत्रिएका छन् । चितवनको रामनगर भनेको रामका पालादेखिका सालका रुखहरू रहेको ठाउँ हो ।

त्यसै गरी सुदुर पश्चिमको प्रदेश सदरमुकाम पनि जंगल फडानीकै कारण विवादमा आएको छ । गोदावरीको घना जंगल फडानी गरेर प्रदेश सदरमुकाम बनाउने प्रदेश सभा दुईतिहाइको योजनाकै कारण यो विवादमा तानिएको छ । अन्य प्रदेश र गाउँपालिका तथा नगरपालिकाका सदरमुकामहरू यसै गरी घना जंगलमा निर्माणका लागि प्रस्ताव गरिने क्रममा छन् ।

राष्ट्रिय गौरवका आयोजनाहरू बस्ती र जनताका माझमा होइन, जंगलका माझमा सारिन र बनाइन थालिएका छन् । अन्तर्राष्ट्रिय भनिएको बाराको निजगढ विमानस्थल पनि निकुञ्जको बीचमा बनाउन प्रस्ताव गरिएको छ । यसका लागि लगभग ३,००० सालका रुखहरू काटेर उजाड पारिने भएको छ । जंगली जनावरहरूको आवतजावत गर्ने ठाउँ र नाका भएको यो स्थान आफैमा अन्तर्राष्ट्रिय वन्यजन्त अभिसन्धिअनुसार केही गर्न त परै जाओस्, छुन पनि पाइँदैन । विमानस्थल बनेपछि दैनिक मानिसको आवतजावत, बाहनहरूको आवाज र जहाजहरूको ओहिरिँदा आउने आवाजले जंगली जनावरलाई त्यो क्षेत्रमा बसिसक्नु हुने छैन ।

यसका अलावा जंगल फडानी भएर सुख्खा जमिनमा रूपान्तरण भएपछि तराईको चार कोशेझाडी अब  नेपालमा रहने संभवना पनि देखिदैन । यसका साथै वर्तमान ओली सरकारले भन्ने गरेका राष्ट्रिय गौरवका आयोजनाहरू या त नदी किनारैकिनार दगुर्ने भएका छन्, या त जंगलैजंगलका बीचबाट । यी आयोजना र भौतिक पूर्वाधार निर्माणका कामहरू पाँच वर्षभित्र गरिसक्दा नेपालमा घना जंगलको भाग र सिमसार क्षेत्र संस्मरण, क्यामरा र रिलमा मात्र सिमित हुनजाने डरलाग्दो चित्र देखिन थालेको छ ।

जंगल फँडानी र नदी बिक्रिमा केन्द्रित हुन पुगेको नेकपाको ओली सरकार यस्तै हो भने नेपालीको दुर्भाग्य र कलंकको घडीमा परिणत हुन सक्ने संभावना निकै नजिकिएको छ । पानी र जंगलमा लागेको नेकपाको 'अर्जुन दृष्टि' अन्ततः धृतराष्ट्रको दष्टिविहीनतामा परिणत हुन पनि धेरै बेर लाग्ने देखिदैन ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# क्रान्तिमा युवाको भूमिका

*गतांकको क्रमशः*

**३. २००७ साल–०५२ सम्म**

(क) २००७ सालको आन्दोलनले राणाहरूको निरकुंश सरकारलाई त ढाल्यो तर समान्ती राजतन्त्रात्मक सत्ता झनै बलियो र सबल बन्दै जाने आधार तयार गऱ्यो । सरकारमा विस्तारवादका दलालहरूको हालिमुहाली बन्यो । जस्ले गर्दा २००७ साल (सन् १९५०) मा भारतसँग एउटा खतरनाक सन्धि भयो । सुगौली सन्धि पश्चात् भएको सबैभन्दा राष्ट्रघाती सन्धि थियो त्यो । आज त्यसैमा टेकेर विस्तारवादले स्वाभिमानी नेपालीहरूलाई गुलाम बनाइरहेको छ र राष्ट्रिय स्वाधीनता प्रायः समाप्त जस्तै भएको छ । तर सचेत युवा विद्यार्थीहरूले आफ्नो आन्दोलनलाई जारी गरी राखे । राष्ट्रियता र जनअधिकारको लडाई मुख्यत राष्ट्रियताको लडाईमा चिनियाँकाजी जस्ता महान व्यक्तिलाई हनुमान ढोकामा आमसभा झै राख्दा विस्तारवादको दलाल संसदीय सरकारले गोली चलायो र हत्यो गऱ्यो । संसदीय व्यवस्था कति फासिवादी हुन्छ भन्ने उदाहरण हामीले देख्यौ । तर पनि आन्दोलन अगाडि बढ्दै जाने क्रममा त थियो नै । जो आमूल परिवर्तन चाहन्थे । तर भइदियो के भने सामन्ती राजा आफैमा सुदृढ बन्दै जानु, संसदीय पार्टीहरूमा अन्तर कलह बढ्दै जानुले सामन्ती राजाले विस्तारवादसँग घुँडा टेक्यो र निर्वाचित संसदीय सरकारलाई अपदस्त गरेर पञ्चायती व्यवस्थाका नाममा राजाको कठ्पुतली सरकार बनाएर ३० वर्षसम्म राजाले एकछत्र राज गऱ्यो । यस अवधिमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्राप्तिका लागि कैयौं युवाहरूले संघर्षमा भाग लिए । त्याग, वीरता र बलिदान गरे । दर्जनौं युवाहरूलाई राज्यले बेपत्तासमेत बनायो ।

(ख) बारा, पर्सा, रौतहट, मोरङदेखि कैलाली कञ्चनपुरसम्मका किसान आन्दोलनहरू सामान्य किसान आन्दोलन हुँदै सशस्त्र किसान आन्दोलनको तहमा उठेको थियो । ओखलढुंगा, झापा, धनकुटाको छिन्ताङ, चितवनको जुगेडी, जुटपानी, सिन्धुपाल्चोकको पिस्कर, काठमाडौंको सेक्टर कारबाही, लमजुङको पूर्तिबाट लगायत अन्य कैयौं विद्यार्थी युवाहरूको आन्दोलन अत्यन्तै जुझारु आन्दोलनहरू थिए । कांग्रेस दलाल छँदै थियो । स्वयं आमूल परिवर्तनको वाहक कम्युनिष्ट पार्टीभित्र समेत साम्राज्यवाद, सामन्तवाद र संशोधनवादको समेत जबर्जस्त घुसपैठका कारण या त पार्टीले आफ्ना मार्गदर्शकलाई छाडेर कम्युनिष्टको नाम देखाएर प्रतिक्रियावादको सेवा गर्न सिकायो या त पार्टीलाई फुटाएर कमजोर बनायो । दुवै हत्कण्डाहरू उनीहरूले प्रयोग गरे । जसले गर्दा विविध स्थानमा जुझारु युवाहरूले उठाएको आन्दोलन निष्कर्षमा पुग्न सकेन । समग्रमा भन्नुपर्दा क्रान्तिकारी शक्ति कमजोर बन्न पुग्यो । तर पनि सयौ युवाहरूले आफ्नो प्राणको आहूति दिन पछि परेनन् । संख्यात्मक दृष्टिले कमजोर भएर पनि मालेमावादको विचार, आदर्श, सर्वहारावर्ग, राष्ट्रिय स्वाधीनताप्रति झनै स्पातिलो भएर अगाडि बढ्न युवाहरूलाई महत्वपूर्ण तवरबाट उत्साही भने बनाएकै थियो ।

ग) जझरु प्रकारका किसान आन्दोलन होउन या विद्यार्थी आन्दोलन होउन, युवा आन्दोलन होउन या अन्य कुनै आन्दोलन होउन । ती सबै आन्दोलनहरूमा युवाहरूको भूमिका नै महत्वपूर्णथियो । तत्कालिन सामन्ती सत्ता र उसको पञ्चायती व्यवस्थाले जनतालाई अधिकार होइन झनै दमन, धरपकड, हत्या, आतंक मच्चाउँदै अगाडि बढ्ने क्रममा ०२८ सालमा झापाका युवाहरूले एउटा जझारु संघर्षको सूरवात गरे । सामन्त, जालि, फटाहा सफाय अभियान । मालेमावादको वैचारिक दृष्टिकोणको अभावका कारण उक्त संघर्षले



दिनेश शर्मा 'सागर'

निरन्तरता पाउन त सकेन तर पनि त्याग, सहास, वीरता र वलिदानका दृष्टिले तत्कालिन अवस्थामा त्यो सहि नै थियो । तात्कालिन आन्दोलनका महान योद्धाहरूलाई समातेर हत्या गऱ्यो भने कतिपयले तिनै महान् शहीदको छातिमा टेकेर आज तिनै सामन्त, दलाल, नोकरशाही, पुँजीपति वर्गको सेवा गरेर महान् योद्धाहरूको उपहास गरिरहेका छन् । तिनी दलाल, गद्दारहरका कारण उक्त आन्दोलनले निरन्तरता पाउन सकेन । तर पनि समाजमा व्यापत शोषण दमण, उत्पीडन, हत्या, जस्ता गतिविधिबाट आक्रान्त जनता त्यसबाट मुक्त हुन चाहन्थे र विविध प्रकारका संघर्ष भने जारी नै थिए ।

घ) तात्कालिन पाकिस्तानी सरकारका विरुद्ध संघर्ष गरी रहेका जुल्फी कर अलि भुट्टोको हत्याका विरुद्ध विरोध पत्र बुझाउन पाकिस्तानी एम्बेसी जादै गर्दा पञ्चायती सरकारले एकाएक दमन गऱ्यो र सयौं युवा विद्यार्थीहरूलाई घाइते बनायो । जस्ले गर्दा ०३५-०३६ सालको विद्यार्थी आन्दोलनले चर्तित र स्थापित आन्दोलन एक प्रकारले दैनिक जसो जुझारु बन्दै गयो । राज्यले युवा विद्यार्थीहरूलाई दमन गरेरनै समाप्त बनाउने उद्देश्यले कैयौंलाई हत्या गऱ्यो, कैयौंलाई घाइते बनायो र कैयौंलाई गिरफ्तार गरेर जेल हाल्यो तर आन्दोलन रोकिएन । बरु युवा विद्यार्थीहरूले आन्दोलन रोक्न चाहने दलालहरूलाई कालो मोसो दलेर ठेलागाडामा राखेर घुमाउने मात्र होइन आन्दोलनलाई झनै जझरु बनाउन आर.एन.ए.सी., र गोरखापत्र जस्ता सत्ताद्वारा सञ्चालित तथा परिचालित अंगहरूमाथि सेबोटेज गरेर आफ्नो सहासको प्रदर्शन गरेका थिए । शान्तिपूर्ण आन्दोलनमाथि दमनको आतंक मच्चाउने राज्यलाई एउटा सवक सिकाएका थिए । हतियार लिएर दमनमा आउने राज्यलाई हतियारकै, आवश्यकता पर्दछ भन्ने वैज्ञानिक नियमलाई त्यहाँ पनि दर्शाएका थिए ।

तर उक्त आन्दोलनमा पनि सर्वहारा वर्गको पार्टीको समग्र तयारी त्यसमा वैचाकिर, राजनीतिक, साँस्कृतिक र व्यवहारिक नेतृत्वको अभाव रहेको पाइयो । जस्ले गर्दा बहुदल वा निर्दल के चाहाना छ म निर्वाचन गराउछु भनेर राज्यले घोषणा गर्नासाथ आन्दोलन अगाडि बढ्न सकेन । अन्तत निर्वाचन नाटक मञ्चन त भयो तर पञ्चायतलाई जीताउने गरी निर्वाचनपछिको नजिता त्यही भयो पञ्चायतको विजय ।

सुधारिएको पञ्चायतका नाममा जनतालाई जुन तबरबाट हत्या, दमन, शोषणका श्रृङ्खला बढ्दै जाने क्रममा जनताले मुख्य त राजनीतिक पार्टीको नेतृत्वमा रहेका युवा विद्यार्थीहरूले खबरदारी गर्दै थिए । यसै क्रममा ०४६ सालको अन्ततिरबाट नेपाली कांग्रेसको वरिपरि गोलबन्द हुन पुगेका केही कम्युनिस्ट नामधारी पार्टीहरू केवल बहुदलको नारा दिएर त केही सच्चा कम्युनिस्ट पार्टीहरूले जस्ले जनवादी व्यवस्थाको नारा दिएर आन्दोलन अगाडि बढायो । आन्दोलनको क्रममा सयौं युवाहरूले आफ्नो जीवनको आहुती पनि दिए । आन्दोलन चर्कदै जाने क्रममा ०४६ साल चैत २४ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी वा समुहहरूको संयुक्त मोर्चाका रूपमा निर्मित "संयुक्त राष्ट्रिय जनआन्दोलन"ले आव्हान गरेको थियो र त्यसैदिन तात्कालिन नेकपा (मसाल)ले राजतन्त्रको अन्त्य गर्दै जनगणतन्त्रका स्थापना गर्न संघर्ष गरौं भन्ने नारा सहितको पर्चा विरतण गरेको थियो । जसले गर्दा क्रान्तिकारीहरूमा एक प्रकारको उत्साह थपिएको थियो र देश ठप्प मात्र होइन आम मानिस सडकमा नारा लगाउँदै संसदीय पार्टीहरूले खुल्ला मञ्चमा गर्न लागेको आमसभालाई ठाडै इन्कार गर्दै "विरे चोर देश छोड" का नारा लगाउँदै दरबार घेराहाल्न अगाडि बढेको थियो । सेनाले गोली हानेर एक दर्जन बढी युवाहरूको हत्या, सयौंको संख्यामा घाइते हुदा पनि राजतन्त्रका विरुद्ध नारा लाग्न छोडेन ।

सामन्ती राजतन्त्रले सरकारका प्रतिनिधि बदलेर वा अन्य कुनै आश्वासन दिएर आन्दोलनलाई भाड्दै थिए । तर पनि जनता पछि हटेका थिएनन्, ने.का. र वाम मोर्चालाई वार्तामा बोलायो तब घुँडा टेकुवा नेताहरू आन्दोलनलार्य सडकको पेटीमा थप्पकै छाडेर दरबारमा वार्ता गर्न जान र अन्ततः बहुदलका नाममा सम्झौता समेत गर्नुले एउटा त जनता विभाजित भए अर्को त क्रान्तिकारीहरूको तयारीको अभावका कारण आन्दोलन अन्ततः तत्कालका लागि अगाडि बढ्न सकेन । पञ्चायतको अन्त्य बहुदलको स्थापनाले केही सुधारात्मक काम त आयो तर सामन्तवादी राजतन्त्रात्मक राज्यसत्ता कायमै रह्यो ।

ङ) ०४७-०५२ सम्मको अवधि जनतामा केही समय सम्म भ्रमको अवस्था रह्यो । किनकी ३० वर्ष सम्म पञ्चायतको शोषण, दमण र उत्पीडन भोगेका जनतालाई के लाग्यो भने अब त्यस्तो हुँदैन । संसदीय व्यवस्था र संसदीय राजनीतिक पार्टीहरूले जनताका समस्याहरूको समाधान गरिदिने छन् । राष्ट्रिय स्वाधीनताको रक्षा हुनेछ भनेर सोच्न पुगे । जनताले सोचेजस्तो सरल विषय थिएन । किनकि पहिलो कुरा संसद, संसदीय व्यवस्था र संसदीय पार्टीको विचार भनेको साम्राज्यवाद, पुँजीवाद, सामन्तवादको सेवा गर्ने विचार हो । जनतालार्य गुलिया नारा दिएर जनतालाई झनै बढी उत्पीडन गर्ने र सत्तामा बसिरहन साम्राज्यवाद, विस्तारवादसँग राष्ट्रियताको सौदाबाजी गर्ने हो । त्यसैले भयो त्यही । जनविरोधी संविधान बन्यो । महाकाली टनकपुर जस्ता देशका नदीनाला बेचिए, १८५ स्थानमा भारतले सीमाना मिच्दा  कुनै प्रतिवादको कुरै छाडौं आफ्नो भूमिको रक्षाका खातिर सडकमा उत्रने जनताप्रति लाठी र गोलीको वर्षा गराइयो र अनिश शाक्यजस्ता बालकसम्मको हत्या गरियो । महंगी, तस्करी, भष्ट्रचार, काला बजारी, कमिसन जस्ता कामलाई खुलेयाम र संस्थागत गर्ने प्रक्रियामा अगाडि बढ्यो । त्यसको विरोध गर्ने राजनीतिक पार्टी वा व्यक्तिहरूलाई लाठी, गोली वर्षाउने देखि जेलका छिडीमा लगेर यातना दिने गरियो । जसले गर्दा एकातिर जनता प्रष्ट हुँदै गइरहेका थिए भने अर्को मालेमावाद मार्गदर्शक सिद्धान्तलाई दरोसँग आत्मासाथ गर्ने एक मात्र क्रान्तिकारी पार्टी नेकपा (माओवादी)ले वर्ग संघर्षका अगाडि बढाउन राजनैतिक, वैचारिक, सांगठनिक र प्राविधिक तयारीलाई घनिभूत बनाउँदै थियो । त्यसमा पनि वैचारिक स्पष्टतासँगै उच्च मनोवलका साथ कार्यन्वयनमा जाने क्रान्तिकारी यूवाहरूको आवश्यकता पूरा गर्ने काम तात्कालीन अवस्थामा वाई.सी.एल.मा आवद्ध युवाहरूले गर्दै थिए । क्रान्तिका लागि परिपक्व वस्तुगत अवस्थाको निर्माण सँगै परिपक्व तवरबाट आत्मगत अवस्था पनि तयार भएको थियो । उच्च मनोवल सँगै उच्च अनुशासन पनि कायम थियो । *क्रमश...*

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा  देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमयशुभकामना व्यक्त गर्दछौं ।
प्रो. उत्तम राई
९८५२०४९८७२
देवम औषधी पसल
धरान–१८, क्याम्पस गेट अगाडि

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राही तथा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लेबिरा हार्डवेयर
घोराही–४ गोग्ली, दाङ

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा  देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमयशुभकामना व्यक्त गर्दछौं ।
प्रो. डिल्ली मेयाङ्बो
९८१०२३१०१४
प्रो. लोकेन्द्र न्यौपाने
९८४२०५४३७९
घोपा औषधी पसल
धरान–१८, क्याम्पस गेट अगाडि

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा  देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमयशुभकामना व्यक्त गर्दछौं ।
रमेश अर्याल
वडाध्यक्ष
गोकर्णेश्वर नपा–६ तथा वडा कार्यालय परिवार

व्यक्तिगत घटना दताए (जन्म, विवाह, सम्बन्ध-विच्छेद, बसाइँसराइँ, मृत्यु) घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गरौं ।

**टोखा नगरपालिका**
मैजुहिटी, काठमाडौं

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. हसमुद्दिन मंसुर
**सिनामंगल नेपाल टेलर्स**
मो.नं. ९८५१०८१२५४, सिनामंगल, काठमाडौं ।

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. श्यामकृष्ण श्रेष्ठ
**श्याम अटो वर्कशप**
मो.नं. ९८४१२८३४११, शान्तिनगर, काठमाडौं ।

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा दोलखावासी तथा स्वदेश विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, गुणस्तरीय रोडा, बालुवा, ईंटा, ढुंगा चाहिएमा सम्पर्क गर्नुहोला । ढुवानीको सुविधा उपलब्ध छ ।*

प्रो. युवराज घतानी
९८५१०११६९२

सदस्य
जिल्ला समन्वय समिति,
दोलखा प्रदेश ३, नं. नेपाल

**श्री कल्लाबारी निर्माण एण्ड सप्लायर्स**
मध्यपुर थिमी नपा-३, गठ्ठाघर भक्तपुर

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा स्वदेश विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, उन्नत जातको लोकल, गिरिराज तथा ब्रोइलर कुखुरा, कमनकार्प, सिल्भरकार्प, स्टिलधातु तथा माकुर माछा र ड्यूरेक, ल्याण्डरेस, हेम्सायर र पक्रिबास बंगुरको मासु तथा पाठापाठी उपलब्ध छ ।*

प्रो. श्यामलाल घिसिङ्ग ९८४१०४०३६०
**गोश्वारा शैलुङ एग्रिकल्चर प्रा.लि.**
बनेपा नपा-१३, भैंसेपाटी, काभ्रे

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५को विशेष अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक तथा कर्मचारीका साथै सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्मन तामाङ
अध्यक्ष (वि.व्य.स.)

रामबाबु तिवारी
प्रधानाध्यापक

**स्थानापति मा.वि.**
पुराना गाउँ, बाङ्गेसल्ला, मनपा-९, रामेछाप

---

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. नारायणदाश श्रेष्ठ,
**रामेछाप सामुदायिक हस्पिटल प्रा.लि.**
मनपा-१, देवकोटा चोक, रामेछाप

---

# शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्याम थापा**
मनपा-१, रामेछाप

---

# शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेम तामाङ
अध्यक्ष

मखमली श्रेष्ठ
उपाध्यक्ष

**खाडादेवी गाउँपालिका**
रामेछाप

---

# शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दीपक थापा
९८५१०२५१०५
**थापा निर्माण सेवा प्रा.लि.**
मनपा-१, रामेछाप

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नरबहादुर थापामगर**
मेयर

**सिर्जना खड्का**
उपमेयर

## रामेछाप नगरपालिका
रामेछाप

# शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. जीवन कुमार बुढाथोकी

## प्रसिद्धी सप्लायर्स
रामेछाप नगरपालिका-१, रामेछाम

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामशरण पौडेल**
संयोजक

**ध्रुव कुमार मगर**
सह-संयोजक

## स्वास्थ्य शाखा
रामेछाप नगरपालिका रामेछाप

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
### केन्द्रीय आयोजना कार्यान्वयन इकाई
### जिल्ला आयोजना कार्यान्वयन इकाई
### (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
मन्थली, रामेछाप

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकले २०७५ असार मसान्तसम्म प्रथम किस्ता प्राप्त गरिसकेका लाभग्राहीहरूले २०७५ पौष मसान्तभित्र दोस्रो किस्ता लिइसक्ने ।
- २०७५ पौष मसान्तसम्म दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले २०७६ वैशाख मसान्तसम्म तेस्रो किस्ता लिइसक्ने र पहिलो किस्तासमेत प्राप्त गर्न बाँकी सबै लाभग्राहीसँग अनुदान २०७५ कात्तिक मसान्तभित्र सम्झौता सम्पन्न गरी प्रथम किस्ता प्राप्त गर्ने ।
- २०७५ कात्तिक मसान्तसम्म पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीले २०७५ माघ मसान्तभित्र दोस्रो किस्ता लिइसक्ने ।
- २०७५ माघ मसान्तभित्र दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले २०७६ जेठ मसान्तभित्र तेस्रो किस्ता लिइसक्ने ।

**नोट** : गुनासो सुनुवाईबाट आएका र पुनः सर्वेक्षण जोखिम ९ख्गाैभिचबदभि० वर्ग परम्परागत वस्ती एवम् वस्ती स्थानान्तरणबाट आउने लाभग्राहीहरूका लागि उल्लेखित अनुदान किस्ता प्राप्त गर्न समयावधि कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

# शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राजन कुमार बास्तोला तथा सम्पूर्ण बास्तोला परिवार**, काठमाडौं ।

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रल्हाद शर्मा
प्रबन्ध निर्देशक

## कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रा.लि. परिवार
काठमाडौं

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शशिधर रिजाल
प्रबन्ध निर्देशक

## श्याम सुन्दर निर्माण सेवा प्रा.लि. परिवार
काठमाडौं

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठको विशेष अवसरमा यस गाउँपालिका तथा वडा निवासी एवम् देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

झलकमान तामाङ
५ नं. वडाध्यक्ष

## चम्पादेवी गाउँपालिका परिवार, ओखलढुंगा

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो.अनिरूद्र शर्मा, मो. ९८५७८३५७०५

**लेविसा हार्डवेयर**

घोराही –४, गोग्ली, दाङ

*हामीकहाँ हार्डवेयरका सामानका साथै सम्पूर्ण निर्माण सामग्री पाइन्छ। सेवा गर्ने मौका दिनुहोला।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो. दानबहादुर अधिकारी

**महालक्ष्मी काष्ठ उद्योग**

घोराही –१५, महालक्ष्मीटोल, दाङ

*हामीकहाँ काठ तथा प्लाईबाट निर्मित फर्निचर तथा सम्पूर्ण काष्ठजन्य निर्माण सामग्री पाइन्छ।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा यस वडावासी तथा देश विदेशमा रहनुहुने
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

*'ब्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरौं ! भर्ना अभियान लगायतका सबै अभियान सफल पारौं !!'*
*'सम्पूर्ण सरसफाई हाम्रो पहिचान ! स्वस्थ, समृद्ध वडा हाम्रो अभियान !!'*

अध्यक्ष : **माधवप्रसाद चौधरी**
सदस्यहरू : **यमा राना, सुशीला दमाई, छवि शर्मा र सुमन रोका मगर**
**एवम् ३ नं. वडा परिवार, घोराही उपमहानगरपालिका, दाङ**

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**बारा-चितवन निर्माण सेवा**

मो. ९८५७८३५३३३, घोराही - ३, भानपुरचौक, दाङ

*हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण काम गरिनुका साथै टिपर, मिक्चर मेसिन भाडामा उपलब्ध गराइन्छ र गिट्टी, बालुवा लगायतका निर्माण कार्यका सम्पूर्ण सामान उपलब्ध गराइन्छ।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा यस वडावासी तथा देश विदेशमा रहनुहुने सम्पूर्ण
नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

'ब्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरौं !
भर्ना अभियान लगायतका सबै अभियान सफल पारौं !!'
'सम्पूर्ण सरसफाई हाम्रो पहिचान ! स्वस्थ, समृद्ध वडा हाम्रो अभियान !!'

अध्यक्ष
**रमेशकुमार पाण्डेय**
सदस्यहरू
**दिलिपकुमार डि.सी., सनतकुमार श्रेष्ठ,**
**कृष्णा राना, दुर्गा नेपाली**
एवम्
**१५ नं. वडा परिवार**
घोराही उपमहानगरपालिका, दाङ

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

*प्रो. वसन्तराज अधिकारी*

**रोजा एण्ड राज कन्स्ट्रक्सन**

घोराही - ३, भानपुरचौक, दाङ

*हामीकहाँ टिपर र मिक्चर मेसिन भाडामा पाइनुका साथै गिट्टी, बालुवा लगायतका निर्माण कार्यका सम्पूर्ण सामान उपलब्ध गराइन्छ।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा सम्पूर्ण अविभावक महानुभावहरू, विद्यार्थी
भाइबहिनीहरू तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राप्ती इञ्जिनियरिङ कलेज परिवार**

घोराही - १६, सानीअम्वापुर, सर्रा, दाङ

*पुनश्च : यस राप्ती इञ्जिनियरिङ कलेजमा बि. ई तर्फ सिभिल इञ्जिनियर, कम्प्युटर इञ्जिनियर तथा सि.टि.ई.भि.टि अन्तरगतका सम्पूर्ण कोर्षहरूको अध्ययन गराइन्छ।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा यस गाउँपालिका निवासी तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

*'ब्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरौं ! भर्ना अभियान लगायतका सबै अभियान सफल पारौं !!'*
*'सम्पूर्ण सरसफाई हाम्रो पहिचान ! स्वस्थ, समृद्ध बङ्गलाचुली हाम्रो अभियान !!'*

| | | |
|---|---|---|
| भक्त बहादुर ओली | यमुना थापा मगर | नेव बहादुर ओली |
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशा.अधिकृत |
| ९८५७८३५२०९ | ९८५७८३५२१३ | ९८५७८३५२१६ |

एवम्

**समस्त बङ्गलाचुली गाउँपालिका परिवार**, दाङ

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ
तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राजेश ढुवानी सेवा**

घोराही- ३, भानपुर, दाङ, मो. ९८५७८३२६२३

*हामीकहाँ देशभर सामान ढुवानी गरिनुका साथै ट्रक टिपरहरू भाडामा चाहिएमा उपलब्ध गराउने व्यवस्था छ।*

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ २०७५ को
विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा
देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**एप्रो सि.पि. फिटिङ प्रा.लि.**

घोराही - ३, भानपुर, दाङ

*हामीकहाँ विभिन्न साइज र डिजाइनमा साधारणदेखि उच्चकोटीका धारा, टुटीहरू पाइन्छ।*

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

**ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं
फोन नं.४२२०८९१, ४२३९५८४

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

**कृष्णप्रसाद घेमोसु**
अध्यक्ष- नेवाः राष्ट्रिय मुक्ति मोर्चा
भक्तपुर

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

**विष्णु प्रसाद न्हिसुतु**
देजमो अध्यक्ष भक्तपुर जिल्ला समिति
भक्तपुर नगरपालिका-५, दरबार एरिया

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

**कृष्ण वाग श्रेष्ठ**
मध्यपुर थिमी नगरपालिका

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**केशवप्रसाद घिमिरे**
अध्यक्ष

**भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था लि.**
मनपा-१, रामेछाप

## शुभकामना

विजया दशमी, शुभदीपावली तथा ने.सं. ११३९ को अवसरमा हाम्रा सम्पूर्ण वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**न्हुछेंकाजी महर्जन** वडाध्यक्ष तथा
का.म.पा. १८ वडा कार्यालय परिवार

## शुभकामना

विजया दशमी, शुभदीपावली तथा ने.सं. ११३९ को अवसरमा हाम्रा सम्पूर्ण वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**चिनियामान बज्राचार्य** वडाध्यक्ष तथा
का.म.पा. २७ वडा कार्यालय परिवार

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय दुग्ध विकास बोर्ड**
०१- ५५२५४००, हरिहर भवन, ललितपुर ।

## शुभकामना

विजया दशमी, शुभदीपावली तथा ने.सं. ११३९ को अवसरमा हाम्रा सम्पूर्ण वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**निलकाजी शाक्य, वडाध्यक्ष तथा**
**कामनपा २५ वडा कार्यालय परिवार,** काठमाडौं ।

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

प्रो.भुवन थापा

**लक्ष्मी स्टोर्स**
९८५४०४०२२१, मनपा-१, रामेछाप

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना !

प्रो. प्रेम श्रेष्ठ

**क्याड इञ्जिनिरिङ कन्सल्टेन्ट बिल्डिङ डिजाइन एन्ड सुपर भिजन प्रा.लि.**
९८५४०४००११, मनपा-१, रामेछाप

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ तथा ने.सं. ११३९ को विशेष अवसरमा हाम्रा ग्राहकवर्ग तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**आम सरोकार बेकरी उद्योग**
दक्षिणकाली नगरपालिका-७, फर्पिङ, काठमाडौं ।
फोन नं. ०१-४७१०८०९

## शुभकामना

विजया दशमी, शुभदीपावली तथा ने.सं. ११३९ को अवसरमा हाम्रा सम्पूर्ण वडावासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**बालकृष्ण श्रेष्ठ, वडाध्यक्ष तथा**
**कामनपा २४ वडा कार्यालय परिवार,** काठमाडौं ।

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गजेन्द्र छन्त्याल, समाजसेवी
**मनमैजु आनन्द टोल**
९८४११४९५८३, काठमाडौं

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्वको विशेष अवसरमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बलेफी हाइड्रो पावर लिमिटेड**
फोन नं. ४२२४३०८, रातोपुल, काठमाडौं ।
info.balephi@gmail.com

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को विशेष अवसरमा समस्त ग्राहक महानुभावहरू तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बलमान छन्त्याल, प्रबन्धक
**उज्यालो घर प्रा.लि.**
०१-४३७७२३९, महाराजगञ्ज, काठमाडौं

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को विशेष अवसरमा सम्पूर्ण अभिभावक महानुभावहरू, विद्यार्थी भाइबहिनीहरू तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : लोकराज पौडेल    प्राचार्य : सतिसकुमार आचार्य

**एवम् समस्त विद्यालय परिवार मा.वि. डाँडागाउँ**
घोराही -३, गोग्ली, दाङ

पुनश्चः यस मावि डाँडागाउँ सामुदायिक विद्यालय गोग्लीमा प्राविधिक शिक्षा, तीन वर्षीय सिभिल इञ्जिनियरिङ र कृषि बाली विज्ञानको अध्ययन गरिन्छ ।

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ २०७५ को विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मनिराम डेरी फर्म**
मो. नं. ९८४७९५५१४०
राप्ती- ५, सिसहनिया, दाङ
हामीकहाँ गाई भैंसीको शुद्ध दूध तथा दूधजन्य उत्पादनहरू सुपथ मूल्यमा पाइन्छ ।

**मुन्ना टायर मर्मत सेन्टर**
घोराही.- ३, भानपुर, दाङ
हामीकहाँ गाडि मोटरहरूका टायर मरमत गरिनुका साथै हावा भर्ने काम छिटो छरितो गरिन्छ ।

**गिरीराज सुवेदी**
सभापति
दाङ
क्षेत्र नं.२, नेपाली काङ्ग्रेस, दाङ

## हामी...

दिए । उनले खुला सिमाना पनि अनुगमन गरिनु पर्ने कुरामा जोड दिंदै चीन र भारत जस्ता विश्वकै निकै ठूला जनसंख्या भएका देशहरूका बीचमा रहेको सानो मुलुकले विदेशीको चाप थेग्न र बेहोर्न सक्दैन भने ।

अन्तरक्रिया कार्यक्रममा पूर्व महानिर्देशक तथा सिमाविद वुद्धिनारायण श्रेष्ठले नागरिकताको प्रमाणपत्र भनेको पर्चा वितरण जस्तो होइन भन्दै यो त्यही देशमा बसेका नागरिकहरूको 'म यो देशको नागरिक हुँ' भन्ने परिचय पत्र हो भने । उनले नागरिकता वितरण टोली बनाएर नागरिकता पर्चा विरण जस्तो गरी वितरण गरिनु आफैमा खेदजनक रहेको बताए । नेपालको नक्शामा क्षेत्रफल निकै कम गरिएको, निशान छाप नक्कली रहेको, ३७२ वर्ग किलोमिटर भूभाग अतिक्रमण भएको, ३१० वर्ग किलोमिटर भूभाग म हुँदै गएको थियो भनी बताए । नेपालको संविधानमा नेपालको नक्शा छैन भन्दै देशको नक्सा मात्र होइन, प्रदेशको र स्थानीय सरकारहरूको पनि नक्सा छैन । १० हजार वर्ग किमि भूभाग अतिक्रमण भएको कुरा उल्लेख गर्दै उनले संविधानको धारा ४ (२) 'क' मा भूभाग कत्ति पनि कम हुँदैन भनिएको तर त्यही संविधानको अनुसूची मा नेपालको भूभाग घटेको देखाएको उनले बताए ।

प्रा.डा. सुरेन्द्र कसीले नेपालीहरू नागरिकताको विषयमा मिस्लिड भएको बताउँदै नेपालीहरूमा संस्थागत बोली र बचन नभएको भने । उनले जो बोले पनि व्यक्ति बोलेको जस्तो हुनजाने भएको कुरा बताए । तथ्यांक खोज्न जाँदा २२ लाखले नागरिकता पाएका छन्, तर भनिन्छ ४० लाखले पाएका छन् भन्दै केसीले नेपालको नागरिकता विरणमुखी भएको बताए । उनले केपी ओली स्वयम् नागरिकताको प्रश्न उठाएर नै सत्तामा गएका हुन् तर उनैले नागरिकतासम्बन्धी यस्ता विधेयक ल्याए भनेर आश्चर्य प्रकट गरे ।

त्यसै गरी प्रा.डा. कृष्ण बेलबासेले पहिले भएका कुराहरूलाई केही मान्यता दिने र भएका खराबीहरूलाई हटाउने केही सकारात्मक कुरा अहिलेको नागरिकता विधेयकमा व्यवस्था भएको भन्दै नागरिकता मात्र भारतीय हस्तक्षेपको मूल कारण नभएको बताए । उनले जुन देशले नागरिकता वितरण गर्ने हो, त्यसले त्यो देशको राष्ट्रिय स्वार्थलाई हेरेर वा ख्याल गरेर दिने भन्दै नागरिकता लिएका वा बनेका नागरिकहरूले नागरिकता लिएको राज्यको नीति निर्देशन र कर्तव्यहरू त पालना गर्नुपर्छ भन्ने कुरामा जोड दिए । यो अनिवार्य र विश्वव्यापी शर्त भएको बताउँदै उनले सानो मुलुक, खुला सिमाना, खुला व्यापार तथा सहज सामाजिक सम्बन्धका कारणले हामीहरूलाई नागरिकताको कुराले झस्काउने गरेको बताए । उनका अनुसार यो भन्दा बढी खतरनाक कुरा त योजनबद्ध रूपमा नागरिकता वितरणको नै हो भन्दै नेपालले पौने तीन करोड जनसंख्या पाल्न सक्ने सामर्थ्य गुमाएकाले थप विदेशी नागरिकलाई नागरिकता दिन सक्दैन । अझ समस्या त नेपाली नागरिकता लिएका तीन जनाले सिफरिश गरेमा नयाँलाई नागरिकता दिनसक्ने भन्ने प्रावधान भएकोमा नै रहेको उनले जनाउ दिए ।

कार्यक्रममा अब्दुल सलाम खानलगायतका वक्ताहरूले आआफ्ना विचार राखेका थिए ।

## क्रान्तिकारी...

बायाँ नगर्ने जुझारु, अनुशासित र मिलिट्र्याण्ड पार्टी बनाउनु हो । सर्वहारा वर्गीय अधिनायकत्वको मूल उद्देश्य भनेको समाजवादी समाज निर्माण गरी साम्यवादी दिशामा अगाडि बढ्नु हो । आजको सन्दर्भमा पुँजीवादी समाजबाट समाजवादी व्यवस्थामा रूपान्तरण हुनु हो । जसमा लागि सर्वहारा अधिनायकत्व अनिवार्य शर्त हुन्छ ।

सर्वहारा अधिनायकत्व सम्बन्धी लेनिनको एउटा प्रसिद्ध भनाई छ, "पुँजीवादबाट समाजवादतर्फ संक्रमणले अवश्यमेव राजनीतिक रूपहरूको विविधतालाई र बाहुल्यतालाई उत्पन्न नगरी रहन सक्दैन । किन्तु जुनसुकै अवस्थामा पनि सारतत्व भने एउटै रहन्छ । त्यो हो "सर्वहारा अधिनायकवाद" ।" लेनिन संकलित रचना संग्रह खण्ड ३३ पृष्ठ ३५ हिन्दी संस्करण । लेनिनको यो प्रसिद्ध भनाईबाट के स्पष्ट हुन्छ भने सर्वहारा अधिनायकत्वविना पुँजीवादबाट समाजवादमा मानव समाजको रूपान्तरण गर्न तथा समाजवादी अवस्थाको अभ्यास गर्न सम्भव छैन ।

